annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१९, पृष्ठ १० | काठमाडौं, बुधबार २ पुस २०८२ | पोष कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | WEDNESDAY, DECEMBER 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

शान्ति प्रक्रिया झन् लथालिंग

भनिन्छ, न्याय जति छिटो दियो, उति प्रभावकारी हुन्छ। ढिलो गर्दा न्यायको खास सान्दर्भिकता रहँदैन। न्याय केवल औपचारिकतामा सीमित रहन्छ वा दोषीमाथि कारबाही नै नहुन पनि सक्छ। शान्ति प्रक्रियाका कार्यहरूमध्ये हतियार व्यवस्थापन, लडाकुको समायोजन, संविधानसभाको चुनाव जस्ता काम सम्पन्न भएका छन्। तर, १० वर्षे सशस्त्र द्वन्द्वका पीडितहरूले न्याय पाउन सकेका छैनन्। शान्ति प्रक्रियाका बाँकी कामका लागि भन्दै सरकारले बर्सेनि झन्डै १ अर्ब बजेट विनियोजन गर्छ। तर, शान्ति प्रक्रियाका बाँकी काम जहाँको त्यहीँ छ।

दिनेश गौतम | काठमाडौं
- को रिपोर्ट

समाचार पृष्ठ २

गुगल जेमिनी

हुन्डी कारोबार नगर्न नेपाली राजदूतावास अबुधाबीको चेतावनी

मेघराज सापकोटा | अबुधाबी

संयुक्त अरब इमिरेट्स (यूएई) मा रहेका नेपाली नागरिकलाई लक्षित गर्दै नेपाली राजदूतावास, अबुधाबीले अवैध रूपमा हुने वित्तीय कारोबार (हुन्डी) नगर्न तथा त्यस्ता कार्यमा संलग्न नहुन कडा चेतावनी दिएको छ।

राजदूतावासको सूचनाअनुसार विदेशमा रहँदा अनौपचारिक माध्यमबाट रकम पठाउने, प्राप्त गर्ने वा त्यसमा संलग्न हुने कार्य कानुनविपरीत रहेको जनाएको छ। यस्तो गैरकानुनी गतिविधि सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी कानुनी व्यवस्थाअनुसार दण्डनीय हुने स्पष्ट गरिएको छ।

सूचनामा परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रत्येक महिनामा यस्ता गतिविधिसम्बन्धी सूचना तथा विवरण आदान-प्रदान भइरहेको पनि उल्लेख गरिएको छ। राजदूतावासले यूएईमा कार्यरत कुनै पनि व्यक्ति वा संस्थाले अनौपचारिक वित्तीय कारोबार (हुन्डी) नगर्न/नगराउन आग्रह गर्दै, यदि कसैले यस्ता गैरकानुनी काम गरिरहेको जानकारी भए प्रमाणसहित राजदूतावासलाई उपलब्ध गराउन अनुरोध गरेको छ।

अस्ट्रेलिया आक्रमणमा प्रतिबन्धित आतंकवादी संगठन संलग्नताको संकेत

जे पाण्डे | सिडनी (अस्ट्रेलिया)

१५ जना निर्दोषको ज्यान लिने अमानवीय आतंकवादी आक्रमण भएको ४ दिन भयो। अस्ट्रेलिया अझै पनि गहिरो शोकबाट मुक्त हुन सकेको छैन। मृतक र घाइतेहरूको सम्झनाले धेरैको मन अझै भारी छ। अस्पतालमा घाइतेहरू जीवनका लागि संघर्ष गरिरहेका छन्। आक्रमण भएको प्रमुख सहर सिड्नी र बोन्डाइ समुद्री तटमा जनजीवन बिस्तारै सामान्यतर्फ फर्किँदै गएको देखिए पनि, त्यो पीडादायी क्षणको दृश्य अझै हरेक मनमा नाची रहेको छ। शान्त देखिने समुद्री किनार र व्यस्त सडकहरू भित्र-भित्रै आँसु, डर र पीडा लुकाएर उभिएका छन्। भीषण गोलीकाण्डपछि अनुसन्धानकर्ताहरूले आक्रमण गरेको आरोप लागेका बाबु-छोराले यसअघि फिलिपिन्स गरेको यात्राबारे गहिरो छानबिन गरिरहेका छन्। अस्ट्रेलियाली सुरक्षा गुप्तचर संगठन (एएसआईओ) र संयुक्त आतंकवाद विरोधी प्रहरी टोली (जेसीटीटी) ले आतंकवादसँग सम्बन्धित खतरा पहिचान र अनुसन्धान गर्न थालेका हुन्। अनुसन्धानमा राज्य र संघीय प्रहरी (एएफपी) समेत संलग्न छन्।

प्रारम्भिक चरणको अनुसन्धान घटना स्थलबाटै सुरु गरिएको छ। अनुसन्धान टोलीले अन्तर्राष्ट्रिय आतंकवादी संगठन (आईएसआई)का झन्डाहरू आक्रमणकारीको कारमा फेला पारेका छन्।

जुन समूह अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धित र कुख्यात आतंकवादी संगठन हो। जसले निर्दोष मानिसहरूमाथि आतंकवादी आक्रमण गर्ने, धार्मिक नाम दुरुपयोग गरेर हिंसा र हत्या जस्ता गतिविधि सञ्चालन गर्दै आएको सुरक्षा अधिकारीहरूले बताएका छन्।

» बाँकी पृष्ठ ६

डब्लूएचओ दोस्रो शिखर सम्मेलन आजदेखि

काठमाडौं (अन्नपूर्ण) : भारतको नयाँ दिल्लीमा पुस २ देखि ४ गतेसम्म परम्परागत चिकित्सासम्बन्धी दोस्रो डब्लूएचओ शिखर सम्मेलन आयोजना हुँदैछ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को विश्वव्यापी परम्परागत चिकित्सा रणनीति २०२५-२०३४ द्वारा निर्देशित यस सम्मेलन जनकेन्द्रित स्वास्थ्य सेवा तथा पृथ्वीको समग्र कल्याणमा परम्परागत चिकित्सा प्रणालीहरूले कसरी सार्थक योगदान पुऱ्याउन सक्छन् भन्ने विषयमा केन्द्रित हुने जनाइएको छ। सन् २०२३ मा सम्पन्न पहिलो सम्मेलनको सफलता र ऐतिहासिक गुजरात घोषणापत्रको आधारमा सन् २०२५ को सम्मेलनले परम्परागत चिकित्सा प्रणालीलाई आकार दिने विज्ञान र ज्ञानका विषयमा गहिरो छलफल गर्ने बताइएको छ।

यस सम्मेलनले विश्वका नेता, वैज्ञानिक, परम्परागत चिकित्सा अभ्यासकर्ता तथा समदायहरूलाई एकै ठाउँमा ल्याई सहकार्यलाई प्रबर्द्धन गर्ने, डब्लूएचओको नयाँ वैश्विक परम्परागत चिकित्सा रणनीति २०२५-२०३४ को कार्यान्वयनलाई अघि बढाउने तथा गुजरात घोषणापत्रलाई ठोस कार्यान्वयनमा ल्याउने लक्ष्य राखेको छ।

मतदान आज, प्यानलमै चुनाव

सुरेन्द्र काफ्ले | काठमाडौं

एमालेको नयाँ कार्यसमितिका लागि बुधबार मात्रै मतदान हुने भएको छ। मंगलबार दिउँसोबाट मतदान हुने भनिए पनि पटक-पटक समय सार्दै बुधबारलाई मतदानको समय तोकिएको हो। महासचिव शंकर पोखरेलले बुधबार बिहान ८ बजेपछि मतदान हुने जानकारी दिए। विद्युतीय मेसिनको व्यवस्थापनमा कठिनाइका कारण तोकिएको समयमा मतदान गराउन नसकिएको नेताहरूले बताएका छन्। यद्यपि, गुटगट प्यानल र असन्तुष्टलाई मिलाउन संस्थापन पक्षले मतदान पर सार्दै आएको अध्यक्षका प्रत्याशी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहको आरोप छ।

मंगलबार मतदान हुने भनिएपछि भृकुटीमण्डप क्षेत्र एमालेमय बनेको थियो। पुस १ गतेको चिसो मौसममा पनि आआफ्ना पक्षका उम्मेदवारको पक्षमा नारावाजीले भृकुटीमण्डप तातिएको थियो। कोही गाउँदै, कोही नाच्दै र कोही रमाइलो गर्दै आआफ्ना उम्मेदवारका पक्षमा प्रचार-प्रसार गरेका थिए। प्रचार सामग्रीले भृकुटीमण्डपको सडक ढाकिएको थियो। नाचगानदेखि आआफ्ना सांस्कृतिकका प्रस्तुति प्रदर्शन गरिएका थिए। देउडादेखि दोहोरीसम्मका आआफ्ना क्षेत्रका सांस्कृतिक प्रदर्शनीहरू एमाले प्रतिनिधि तथा कार्यकर्ताले गरिरहेका थिए। पन्चेबाजादेखि आआफ्ना जातजातिका बाजागाजामा पनि प्रस्तुति गरिरहेका थिए। जेन-जी आन्दोलनपछि सुस्ताएको राजनीतिक महोललाई एमालेको महाधिवेशनले गर्माएको भृकुटीमण्डपमा देखिएको दृश्यले पनि स्पष्ट देखाएको थियो।

केपी ओली

ईश्वर पोखरेल

	केपी ओली	ईश्वर पोखरेल
अध्यक्ष		
उपाध्यक्ष	१. रामबहादुर थापा २. विष्णुप्रसाद पौडेल ३. पृथ्वी सुब्बा गुरुङ ४. गुरु बराल ५. रघुजी पन्त	१. गोकर्ण विष्ट २. विन्दा पाण्डे ३. परशुराम मेघीगुरुङ, अरुण नेपाल र ४. टंकप्रसाद कार्की
महासचिव	शंकर पोखरेल	सुरेन्द्र पाण्डे
उपमहासचिव	१. विष्णु रिमाल २. रघुवीर महासेठ ३. लेखराज भट्ट	१. योगेश भट्टराई २. बैजनाथ चौधरी ३. आनन्द पोखरेल
सचिव	१. शेरधन राई २. हिक्मत कार्की ३. भानुभक्त ढकाल, ४. डा. राजन भट्टराई ५. खगराज अधिकारी ६. पद्माकुमारी अर्याल ७. यमलाल कँडेल ८. छविलाल विश्वकर्मा ९. महेश बस्नेत	१. विनोद ढकाल २. कर्णबहादुर थापा ३. गोकुल बास्कोटा ४. रचना खड्का ५. कृष्णगोपाल श्रेष्ठ ६. ठाकुर गैरे ७. पुरुषोत्तम पौडेल ८. अग्निप्रसाद खरेल ९. इन्द्रलाल सापकोटा

मतदान आज बिहान ८ बजेबाट

मंगलबार बिहानबाट मतदान गर्ने भनिए पनि बुधबार बिहानबाट मात्रै मतदान हुने भएको छ। विद्युतीय मेसिनको व्यवस्थापनमा कठिनाइ भएको कारणले मतदान सरेको नेताहरूले बताएका छन्। केपी ओली पक्षका महासचिवका उम्मेदवार शंकर पोखरेलले बुधबार बिहान ८ बजेपछि सुरु गर्ने गरी मतदान स्थगित भएको जानकारी दिए।

» बाँकी पृष्ठ ६